# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ५ संख्या ७ पौष २९ गते, २०७८ साल**


# भाग १

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ सभाले जारी गरेको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०७८ सालको ऐन नं. ७

## मादी गाउँपालिकाको कर्मचारी सेवा व्यवस्थापन ऐन, २०७८

**प्रस्तावना :**

मादी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको वृत्ति विकासलाई समयानुकूल व्यवस्था गर्न, कर्मचारीलाई सेवा प्रति समर्पित गराई सेवा प्रवाहमा प्रभावकारिता ल्याउन एवम् नेपालको संविधानले अंगिकार गरेको सुशासन प्रवर्धन गर्न, कर्मचारीहरुको उचित व्यवस्था गरी समयानुकूल परिवर्तन गर्न र स्थानीय शासन पद्धतिलाई सरल, सहज र पारदर्शी तवरबाट गुणस्तरीय तथा

मादी गाउँपालिका, कास्की

सेवामूखी बनाउने साथै स्थानीय सेवामा कार्यरत रहेका कर्मचारीहरुको समायोजन समेत गर्नु वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६, संविधानको अनुसूची ८ को देहाय ५ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ र १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मादी गाउँपालिकाको दशौं गाउँसभाबाट यो ऐन बनाई जारी गरिएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “मादी गाउँपालिकाको कर्मचारी सेवा व्यवस्थापन ऐन, २०७८” रहेको छ ।

(२) यो ऐन मादी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “गाउँपालिका” भन्नाले मादी गाउँपालिका सम्झनु पर्छ ।

मादी गाउँपालिका, कास्की

(ख) “अध्यक्ष” भन्नाले मादी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ग) “उपाध्यक्ष” भन्नाले मादी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मादी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) “कार्यपालिका सदस्य” भन्नाले मादी गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनु पर्छ ।

(च) “कर्मचारी” भन्नाले गाउँपालिका वा अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(छ) “स्थानीय कर्मचारी” भन्नाले मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत साविक स्थानीय निकायका (जि.वि.स, न.पा, गा.वि.स.) स्थायी वा अस्थायी कर्मचारीलाई सम्झनु पर्छ ।

मादी गाउँपालिका, कास्की

(ज) “समायोजन” भन्नाले प्रचलित नेपाल कानुन बमोजिम समायोजन गरिएको कार्य सम्झनु पर्छ ।

(झ) “करार कर्मचारी” भन्नाले गाउँपालिका कार्यालय र यस अन्तर्गतका वडा कार्यलयमा सेवा करारमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

## परिच्छेद-२

## संगठन संरचना, समायोजन र पदपूर्ति सम्बन्धी ब्यवस्था

३. **संगठन संरचना तथा कर्मचारी दरबन्दी स्वीकृत गर्नेः** (१) मादी गाउँपालिकाको संगठन संरचना तथा दरबन्दी तेरीज गाउँ सभाबाट स्वीकृत भए बमोजिम हुने छ ।

४. **स्थानीय तहका कर्मचारीको समायोजन सम्बन्धमाः** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुनु अघि मादी गाउँपालिकामा कार्यरत स्थायी स्थानीय कर्मचारी र कर्मचारी समायोजन ऐन, २०७५ लागु भएपछि साविक जि.वि.स र गा.वि.स. बाट समायोजन भएका स्थानीय कर्मचारीहरुलाई कर्मचारी समायोजन ऐन, २०७५ को

मादी गाउँपालिका, कास्की

दफा २३ (१) बमोजिम समायोजन प्रोत्साहन सुविधाको व्यवस्था गरिने छ ।

(२) उपदफा (१) बमोजिमको तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप गर्दा संघीय समायोजन ऐन, २०७५ सँग नबाझिने गरी देहायको मापदण्डका आधारमा गर्नु पर्नेछ ।

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| कार्यालय सहयोगी | ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको | सोही तहमा | २ ग्रेड थप |
| सहायकस्तर चौथों | ५ वर्ष स्थायी सेवा अवधि नभएको | सोही तहमा | २ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तह वृद्धि हुने |
| | ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको र बढुवाका लागि न्यूनत्तम आवश्यक शैक्षिक योग्यता भएको | पाँचौं तहमा | — |

माद्दी गाउँपालिका, कास्की

| | | | |
|---|---|---|---|
| | ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको तर बढुवाका लागि न्यूनतम आवश्यक शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| सहायक स्तर पाँचौं | ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको र वढुवाका लागि न्यूनत्तम आवश्यक शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| | ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको र वढुवाका लागि न्यूनत्तम आवश्यक शैक्षिक योग्यता भएको | अधिकृत स्तर छैटौं तहमा | — |
| | ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि नभएको र वढुवाका लागि न्यूनत्तम आवश्यक शैक्षिक योग्यता भएको | — | २ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तह वृद्धि हुने |

मादी गाउँपालिका, कास्की

(३) यस दफाको उपदफा (२) मा तोकिएको मापदण्ड पूरा गरेको कर्मचारीलाई सेवा अवधिभरमा एक पटकका लागि मात्र तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइने छ ।

(४) उपदफा (२) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउँदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्य सम्पादन मूल्यांकन समेतलाई आधार बनाइने छ ।

५. संगठन तथा कर्मचारी दरबन्दी : (१) दफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम स्तर वृद्धि वा तह वृद्धि भएका कर्मचारीको हकमा स्वतः दरवन्दी सृजना हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्तर वृद्धि भएका कर्मचारीहरुको स्तर वृद्धि वा तह वृद्धि एक पटक मात्र हुने हुँदा त्यस्तो दरबन्दी पुल दरबन्दीमा रहने छ र त्यस्तो सुविधा लिने कर्मचारी सेवामा नरहेमा त्यस्तो दरबन्दी स्वतः खारेज हुनेछ र स्तर वृद्धि भएका कारणले तल्लो पद रिक्त भएको मानिने छैन ।

६. **स्थानीय तहका कर्मचारी समायोजनको आधारः** यस ऐन बमोजिम स्थानीय तहका कर्मचारीहरुको समायोजन

पश्चात जेष्ठता कायम गर्दा देहायको आधारमा क्रमशः गरिनेछ :

(क) हाल कार्यरत पद वा तहमा सेवा गरेको ज्येष्ठता,

(ख) हाल कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको पदमा सेवा गरेको ज्येष्ठता,

(ग) उमेरको जेष्ठता ।

७. **कर्मचारी हाजिर हुनु पर्ने एवम् जिम्मेवारी दिनु पर्नेः** (१) यस ऐन बमोजिम समायोजन तथा स्थायी भएका कर्मचारीहरुले स्थायी वा समायोजन गरिएको पद वा तहमा कामकाज गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समायोजन हुँदाका बखत देहायको अवस्था रहेको कर्मचारीले देहायको अवधि समाप्त भएपछि समायोजन भएको पद वा तहमा हाजिर हुनु पर्नेछ :

(क) प्रसुती विदा वा प्रसुती स्याहार विदामा बसेको कर्मचारीले त्यस्तो विदा समाप्त भएको,

(ख) किरिया विदामा बसेको कर्मचारीले त्यस्तो विदा समाप्त भएको,

(ग) निलम्बनमा रहेको कर्मचारीले त्यस्तो निलम्बन समाप्त भएको,

(घ) असाधारण वा अध्ययन विदामा बसेको कर्मचारीले त्यस्तो विदा समाप्त भएको,

(ङ) बिरामी परी अस्पताल भर्ना भएको कर्मचारीले कार्यालयमा हाजिर भएपछि ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि उपनियम (२) बमोजिमको अवधि भित्र हाजिर नहुने कर्मचारीलाई प्रचलित कानुन बमोजिमको विभागीय सजायको आदेश दिन पाउने अधिकारीले विभागीय सजाय दिन सक्नेछ । तर यस्तो सजाय दिनु पूर्व प्रचलित कानुन बमोजिम सफाई र स्पष्टीकरण पेश गर्न मनासिव मौका दिनु पर्नेछ । यसरी अवकाश पाएमा नियमानुसार आवकाश पछि पाउने सुविधा भने पाउने छ ।

(४) उपदफा (१) बमोजिम समायोजन हुने कर्मचारीलाई समायोजन भएको पत्र दिने तथा हाजिर गराई जिम्मेवारी

माद्दी गाउँपालिका, कास्की

दिने कार्य गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

८. पदपूर्ति समिति सम्बन्धी व्यवस्थाः (१) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा गाउँ कार्यपालिकाले बढीमा ५ जनाको एक पदपूर्ति समितिको गठन गर्नेछ ।

(२) यस ऐन बमोजिमको बढुवा, ग्रेड वृद्धि एवं सेवा करारको पदपूर्ति निर्णय उपदफा (१) बमोजिमको समितिले गर्नेछ ।

(३) समितिले परीक्षाहरु सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न, विज्ञ तथा विशेषज्ञहरुको सेवा लिन वा गण्डकी प्रदेश लोकसेवा आयोगको सहयोग लिन सक्नेछ ।

(४) लिखित परीक्षा तथा अन्तवर्ता सञ्चालन गर्ने सम्बन्धी कार्य गण्डकी प्रदेश लोक सेवा आयोगले जारी गरेको मापदण्ड बमोजिम हुनेछ । प्रदेश लोक सेवा आयोगले मापदण्ड जारी नगरेसम्म संघीय लोक सेवा आयोगले जारी गरेको मापदण्ड बमोजिम हुने छ ।

मादी गाउँपालिका, कास्की

## परिच्छेद-३

## कर्मचारी सम्बन्धी नीति निर्धारण एवं मार्गदर्शन सम्बन्धी व्यवस्था

९. कर्मचारी व्यवस्थापन समितिः (१) स्थानीय तहका स्थायी, अस्थायी, सेवा करार र ज्यालादारीमा काम गर्ने कर्मचारीहरुको विषयमा मादी गाउँपालिकालाई आवश्यक नीति निर्धारण गर्न तथा सुझाव दिने कार्यमा सहयोग पुर्याउन एक कर्मचारी व्यवस्थापन समिति रहने छ ।

(२) कर्मचारी व्यवस्थापन समितिमा देहायका सदस्यहरु रहने छन् :

गाउँपालिकाको उपाध्यक्ष -अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत -सदस्य

सुशासन तथा संस्थाग विकास समिति संयोजक -सदस्य

गाउँपालिका अध्यक्षले तोकेको कम्तीमा एक जना महिला सहित कार्यपालिका सदस्य दुई जना -सदस्य

गाउँपालिका अध्यक्षले तोकेको विषयगत क्षेत्रका विज्ञ दुई जना -सदस्य

मादी गाउँपालिका, कास्की

सामान्य प्रशासन तथा जनशक्ति शाखा प्रमुख

- सदस्य सचिव

(३) समितिले बैठकमा गाउँपालिका अध्यक्ष तथा आवश्यकता अनुसार वडा अध्यक्ष र अन्य विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) कर्मचारी संघ संगठनको मागको विषयमा हुने छलफल वा कर्मचारीका प्रतिनिधिमूलक संस्थाहरुको उपस्थिति आवश्यक हुने बैठकमा त्यस्ता संघ संस्थाका प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिने छ ।

(५) यस दफा बमोजिम बैठकमा आमन्त्रण गर्ने व्यक्तिको सूची समितिका अध्यक्षले तोके बमोजिम हुनेछ ।

(६) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(७) बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुने छ ।

१०. कर्मचारी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :

माढी गाउँपालिका, कास्की

(१) दफा (९) बमोजिम गठित कर्मचारी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी ऐन, नियमको तर्जुमा तथा कार्यान्वयनको लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ख) गाउँपालिकाको संगठन संरचना पुनरावलोकनको लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने गराउने,

(ग) कार्यरत कर्मचारीको सुविधा एवं सेवाका शर्तहरु थप तथा हेरफेर गर्ने विषयमा गाउँपालिकालाई आवश्यक राय सुझाव दिने,

(घ) जनशक्ति योजना तथा मानव संसाधन विकास,

(ङ) कर्मचारी कल्याणकारी कोषको व्यवस्थापनमा गाउँपालिकालाई सुझाव दिने,

(च) समितिको अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

माछापुच्छ्रे गाउँपालिका, कास्की

## परिच्छेद-४

## स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा

११. स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधाः (१) स्थायी पदमा कार्यरत कर्मचारीहरुले अवकाश हुँदा वा राजिनामा गरी सेवाबाट अलग हुँदा पाउने उपदान देहाय बमोजिम हुनेछ :

(क) पाँच वर्ष देखि दश वर्षसम्म सेवा अवधि पूरा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब बराबरको रकम ।

(ख) दश देखि पन्ध्र वर्षसम्म सेवा अवधि पूरा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब बराबरको रकम ।

(ग) पन्ध्र देखि बीस वर्षसम्म सेवा अवधि पूरा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब बराबरको रकम ।

माढी गाउँपालिका, कास्की

(घ) बीस देखि पच्चिस वर्षसम्म सेवा अवधि पूरा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी दुई महिनाको तलब बराबरको रकम ।

(ङ) पच्चिस वर्ष वर्षभन्दा बढी वर्षसम्म सेवा अवधि पूरा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी अढाई महिनाको तलब बराबरको रकम ।

(२) स्थानीय कर्मचारीलाई कर्मचारी कल्याण कोष मार्फत अवकाश सुविधा उपलब्ध गराईने छ।

(३) स्थायी कर्मचारीहरुको अवकाश हुँदा वा राजिनामा दिई सेवाबाट निवृत्त हुँदा पाउने उपचार खर्च, बिरामी विदा, घर विदा लगायतका सुविधा उपलब्ध गराउँदा संघीय निजामती तथा प्रदेश सेवा ऐनलाई आधार मानिने छ ।

## परिच्छेद-४

## अस्थायी तथा सेवा करारमा कार्यरत कर्मचारीहरुले पाउने सुविधा

१२. अस्थायी तथा सेवा करारमा कार्यरत कर्मचारीहरुले पाउने सुविधाः (१) मादी गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयमा अस्थायी तथा सेवा करारमा कार्यरत कर्मचारीहरु सेवाबाट अलग हुँदा पाउने सुविधा देहाय बमोजिम हुनेछ :

(क) पाँच देखि दश वर्षसम्म सेवा अवधि पूरा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब बराबरको रकम ।

(ख) दश देखि पन्ध्र वर्षसम्म सेवा अवधि पूरा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब बराबरको रकम ।

(ग) पन्ध्र देखि बीस वर्षसम्म सेवा अवधि पूरा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको

मादी गाउँपालिका, कास्की

निमित्त आखिरी डेढ महिनाको तलब बराबरको रकम ।

(घ) बीस भन्दा बढी सेवा अवधि पूरा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी दुई महिनाको तलब बराबरको रकम ।

(२) स्थानीय कर्मचारीलाई कर्मचारी कल्याण कोष मार्फत अवकाश सुविधा उपलब्ध गराईने छ।

## परिच्छेद-५

## कर्मचारीको सेवाका शर्तहरु सम्बन्धी

**१३. विदा, काज लगायतका सुविधा सम्बन्धीः** (१) गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीले पाउने विदा, काज जस्ता सुविधा संघीय र प्रदेश निजामती सेवा ऐनमा तोकिए बमोजिम हुनेछ ।

(२) गाउँपालिकामा कार्यरत अस्थायी, सेवा करार तथा ज्यालादारी कर्मचारीले पाउने विदा, काज जस्ता सुविधा संघीय सेवा करार सम्बन्धी निर्देशिका वा गाउँपालिकासँग

माढी गाउँपालिका, कास्की

गरिने करार सम्झौता पत्रमा उल्लेख गरे बमोजिम हुनेछ ।

१४. **स्थानीय सेवाका कर्मचारीहरुलाई दिइने सजाय सम्बन्धी** : (१) गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीलाई दिइने सजाय सम्बन्धी व्यवस्था र त्यसको आधार संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अस्थायी, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीलाई विभागीय सजाय दिनुपर्ने भनी छानविनबाट देखिएमा निजको म्याद थप हुने छैन र प्रचलित कानुन बमोजिम कारवाही गरिने छ ।

१५. **स्थानीय सेवामा कार्यरत कर्मचारीको समय पालना र आचरण सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकामा कार्यरत कर्मचारीको समय पालना सम्बन्धी प्रबन्ध तथा आचरण सम्बन्धी व्यवस्था संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

१६. **स्थानीय सेवामा कार्यरत कर्मचारीको अवकाश सम्बन्धी व्यवस्थाः** (१) यस ऐनमा अन्यथा व्यवस्था भएको बाहेक गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीको अवकाश

उमेर हद संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ । त्यस्तो कर्मचारीलाई छ महिना आगाडि जनाउपत्र दिनु पर्नेछ ।

१७. **स्थास्थ्य सेवा तर्फका कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकामा कार्यरत स्वास्थ्य सेवा तर्फका स्थायी कर्मचारीहरुको सेवा को शर्त संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

(२) अन्य स्थानीय तहको दरवन्दीमा स्थायी नियुक्ति भई यस गाउँपालिकामा सरुवा भई आएका स्वास्थ्य सेवा सेवा तर्फका कर्मचारीहरुको सेवा को शर्त संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-६

## विविध

१८. **दरबन्दीको अभिलेख तथा दायित्व व्यवस्थापनः** (१) यस ऐन बमोजिम कर्मचारीहरु समायोजन भए पछि त्यसको अभिलेख गाउँपालिकाको कर्मचारी प्रशासन शाखाले राख्नेछ ।

(२) यस ऐन बमोजिम स्थायी तथा समायोजन भएका कर्मचारीहरुको विवरण संघ तथा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) यस ऐन बमोजिम कर्मचारी स्थायी तथा समायोजन भएको कारणले उत्पन्न हुने आर्थिक दायित्व सम्बन्धी प्रस्ताव यस ऐनका दफाहरु कार्यान्वयन भएपछि बस्ने गाउँ सभामा पेश गर्नु पर्नेछ ।

१९. **प्राथमिकता दिनुपर्नेः** नेपाल सरकारले स्थानीय तहका अस्थायी वा सेवा करारमा कार्यरत कर्मचारीलाई प्रचलित कानुन बमोजिमका प्रकृया पूरा गरी स्थायी गर्न सक्ने गरी निर्णय गरेमा साविकका स्थानीय निकायदेखि अस्थायी वा सेवा करारमा अटुट रुपमा कार्यरत कर्मचारीलाई विशेष प्राथमिकता दिईने छ ।

२०. **यसै ऐन बमोजिम हुनेः** (१) संघीय निजामती सेवाबाट स्थानीय सेवामा समायोजन भई आएका कर्मचारी तथा स्थानीय तहको लागि संघीय लोक सेवा आयोगले गरेको पदपूर्ति प्रकृयामा सफल भई वा अन्य स्थानीय तहबाट सरुवा भई आएका कर्मचारी एवम् स्थानीय सेवाको स्थायी पदमा कार्यरत कर्मचारीहरुको विदा, काज, आचरण

सम्बन्धी प्रबन्ध, विभागीय सजाय दिने व्यवस्था संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ

२१. **आवश्यक व्यवस्था मिलाउनेः** (१) यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आदेश जारी गरी त्यसको समाधान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशित गरिने छ ।

२२. **नियम तथा कार्यविधि बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्नका लागि गाउँपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

२३. **संघीय तथा प्रदेश कानुनसँग बाझिएमा :** यस ऐनमा उल्लिखित कुनै प्राबधान संघीय वा प्रदेश कानुनमा भएको व्यवस्थासँग बाझिएमा संघीय वा प्रदेश कानुन बमोजिम हुनेछ ।

माद्दी गाउँपालिका, कास्की

अनुसूची-१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

समायोजन पत्र

पत्र संख्याः मितिः

चलानी नं.

श्री ..........................................

विषयः समायोजन सम्वन्धमा ।

श्री .............................,

मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कास्की

मादी गाउँपालिका कर्मचारी सेवा ब्यवस्थापन ऐन, २०७८ को दफा ४ (४) बमोजिम यस कार्यालयको मिति ..................... को निर्णय अनुसार ........................देखि नै जेष्ठता कायम हुने गरी तँपाईलाई देहाय बमोजिमको तहमा तह वृद्धि गरी समायोजन गरिएको छ ।

तह वृद्धि भई समायोजन हुनु भएकोमा हार्दिक बधाई छ ।

| हाल कार्यरत तहको विवरण | तह वृद्धि भई समायोजन भएको विवरण |
|---|---|
| सेवाः | सेवा : |
| समूह/उपसमूहः | समूह/उपसमूहः |
| पदः | पद : |
| तहः | तह : |

.......................................

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

१.श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ

२.श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा

३.श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौ ।

४.श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

५.श्री आर्थिक प्रशासन शाखा, मादी गाउँपालिका, कास्की

मादी गाउँपालिका, कास्की

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

ग्रेड वृद्धि पत्र

पत्र संख्याः मितिः

चलानी नं.

श्री ...........................................

विषयः ग्रेड वृद्धि गरिएको सम्बन्धमा ।

श्री ..............................,

मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कास्की

मादी गाउँपालिका कर्मचारी सेवा ब्यवस्थापन ऐन, २०७८ को दफा ४ (४) बमोजिम यस कार्यालयको मिति ..................... को निर्णय अनुसार .....................देखि कायम हुने गरी तँपाईलाई दुई ग्रेड वृद्धि गरी समायोजन गरिएको छ ।

ग्रेड वृद्धि भएकोमा बधाई छ ।

....................................

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

१.श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ

२.श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।

३.श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौ ।

४.श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

५.श्री आर्थिक प्रशासन शाखा, मादी गाउँपालिका, कास्की

**आज्ञाले**

**नारायण प्रसाद सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**

मादी गाउँपालिका, कास्की